प्रमुख अतिथि माननीय उपप्रधानमन्त्री ज्यू
परराष्ट्र, संघीय मामीला तथा स्थानीय विकास मन्त्रालय
बिशिष्ट अतिथि माननीय सभासद ज्यू,
बिशेष अतिथि, श्रद्धेय उद्योगपति, नेपाल उद्योग बाणिज्य महासंघका पूर्व उपाध्यक्ष तथा फिलिपिन्सका अवैतानिक महावाणिज्य दुत श्री सुरज बैद्य ज्यू,
अतिथि, नेपाल उद्योग वाणिज्य महासंघका पूर्व वरिष्ठ उपाध्यक्ष ज्यू,
राजनैतिक दलका श्रद्धेय नेतागण, प्रमुख जिल्ला अधिकारी ज्यू, स्थानीय विकास अधिकारी ज्यू, सर्वदलिय संयन्त्रका सदस्य ज्यूहरु, पूर्व नगर प्रमुख ज्यूहरु, पूर्व जनप्रतिनिधि ज्यूहरु, वडा नागरिक मञ्चका पदाधिकारी ज्यूहरु, टोल विकास संस्थाका पदाधिकारी ज्यूहरु, दमक उद्योग वाणिज्य संघका अध्यक्ष एवं पदाधिकारी ज्यूहरु, नगर स्थित बिभिन्न सामाजिक संघसंस्थाका पदाधिकारी ज्यूहरु, यस कार्यालयका कर्मचारी साथीहरु, पत्रकार साथीहरु र उपस्थित दमक वासी वुवा, आमा, दाजु, भाई, दिदी वहिनीहरु ।

दमक नगरपालिकाको २२ औं नगरपरिषदवाट पारित नगर विकास योजना सार्वजनिक गर्न यस कार्याक्रममा उपस्थित हुनुभएका सवैमा हार्दिक अभिवादन व्यक्त गर्न चाहन्छु ।

यो समयमा बिभिन्न कालखण्डम भएको लोकतान्त्रीक आन्दोलनमा आफनो जीवन आहुती गर्ने ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दै दोश्रो संविधान सभाले नेपालको संविधान, २०७२ जारी गरी सकेको छ । संविधान जारी भए पश्चात देश नया संरचनामा अगाडी बढेको छ । संघीय लोकतान्त्रीक गणतन्त्र र स्थानीय सरकारको अवधारणा अनुसार अव यो नगरपालिकामा प्रदेश नं. १ को स्थानीय सरकारको रुपमा नगर सरकारवाट चिनिएको छ । यस अवसरमा संविधान जारी भए पश्चात देशमा शान्ति स्थिरता र दीगो आर्थिक विकासका लागि सबैमा एकता र मेलमिलाप होस भन्ने कामना गर्दछु ।

दमक नगरपालिकाका पूर्व नेपालको झापा जिल्ला स्थित अत्यन्त रमणिय, पूर्वी पहाडको द्धारको रुपमा रहेको व्यापार तथा कृषि बजारको संभाव्यता भएको नगरपालिका हो । यस नगरपालिकाको समग्र बिकास अभियानमा संलग्न दमक नगरवासी बुवा आमा, दिदी बहिनी दाजु-भाई प्रति सम्मान व्यक्त गर्दै हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

दमक नगरपालिकाको २२ औ नगरपरिषद भिन्न परिस्थितीमा सम्पन्न भएको छ । दलीय संयन्त्रको सल्लाहकारी भूमिका कायम भएपछि राजनैतिक नेतृत्वमा सञ्चालन हुने बिकेन्द्रीकरणको सर्वमान्य सिद्धान्तको प्रतिकुलतामा एकल नेतृत्वमा नगरपरिषद गर्दा अप्ठयारो महशुस भएतापनि राजनैतिक संयन्त्रको सक्रिय सहभागिता नागरिक समाज, नीजि क्षेत्र, संचारकर्मी नगरवासीहरुको छलफल, एकीकृत योजना तर्जुमा गोष्ठी, वडा स्तरिय भेला, टोल विकास संस्थाहरुको अन्तक्रिया र वडा नागरिक मञ्चको नेतृत्वदायि भूमिका लगायतको सफल परम्परालाई कायम गर्दै यो परिषद सम्पन्न भएकोले यसमा सहयोग गर्ने सबैमा धन्यवाद दिन चाहन्छु ।

दमक नगरपाकिलाको वडा नं. १० निवासी यस क्षेत्रका जनप्रतिनिधी माननीय के.पि.शर्मा ओली ज्यू, नेपालको प्रधानमन्त्रीमा नियुक्ती हुनु भएकोमा सवै दमकवासी गौरवान्वीत भएका छौ, उक्त अवसरमा सम्माननीय प्रधानमन्त्री ज्यूको सफल कार्यकालको शुभकामना सहित आर्थिक सम्मृद्धि तर्फ देशलाई सवल नेतृत्व प्रदान गर्न दृढ ईच्छाशक्ति प्राप्त होस भन्ने शुभेच्छा सहित सबै नगरवासीहरुको तर्फवाट अभिनन्दन गर्न चाहन्छु । यस क्षेत्रको विकासमा सम्माननीय प्रधानमन्त्री ज्यूले खेल्नु भएको महत्वपूर्ण भूमिका प्रति सम्मान प्रकट गर्दै सदैव नेतृत्वदायी भूमिकाको अपेक्षा राख्दछौ ।

दमक नगरपालिकाको २१औं नगरपरिषदवाट पारित कार्यक्रम मध्ये संसारको अग्लो बुद्धमुर्ती, औद्योगिक पार्क, हरीत नगर कार्यक्रमलाई नेपाल सरकारले सरकारको नीति तथा कार्यक्रममा संवोधन गरी व्यवस्थापिका संसदवाट समेत अनुमोदन गरेकोमा सम्माननीय राष्ट्रपति डा. रामवरण यादव ज्यू, तत्कालिन सरकार, व्यवस्थापिका संसदका माननीय सभासद ज्यूहरु, यस क्षेत्रवाट प्रतिनिधित्व गर्नुहुने मानीय सभासद के.पि. शर्मा ओली ज्यू र माननीय सभासद महेन्दा कुमारी लिम्वु ज्यू लगायत सबै राजनैतिक दलहरु प्रति नगरपालिका आभार व्यक्त गर्दछौ ।

आगामी आ.व. २०७३/०७४ का लागि दमक नगरपालिकाले आफनो विकास अभियानलाई दिगो वातावरणीय विकास सँगै तालमेल गर्ने गरी हरित दमक अभियान मार्फत सम्पूर्ण गतिविधि सञ्चालन गर्नेछ । यस क्रममा आफनो नजिकको बैधानीक र अनुभूति दिने स्थानीय सरकारको प्रत्याभूति नगरपालिकाले प्रदान गर्नेछ । नगरपालिका क्षेत्र भित्रको वास्तविक सरकारको अनुभूति प्रत्येक नगरवासीमा हुने गरी न्यायपूर्ण सिर्जनशिल र सामाजिक सदभाव सहितको उन्नत, सुँसस्कृत र समृद्ध दमकको परिकल्पना अनुसार यस बर्ष देखि नगरपालिकाले **हरित नगर समृद्ध दमक** भन्ने दुरदृष्टि (VISION) लाई यस परिषदवाट पारित गरी सोही अनुसार आगामी दिनमा नगरपालिकाले आवाधिक योजनाले निर्देशित गरेका क्षेत्रहरु वातावरण, शहरी योजना, सडक, कृषि, यातायात तथा संचार, शिक्षा, स्वास्थ्य, खेलकुद, सामाजिक सशक्तिकरण, संस्कृती संरक्षण, नदी नियन्त्रण तथा सिंचाई, आर्थिक विकास, उर्जा, सुशासनलाई समानुपातिक ढंगले कार्यान्वयन गर्ने कार्यक्रम संचालन गर्ने दृढता व्यक्त गर्दछु ।

रतुवा र मावा खोलावाट असुरक्षित बजारको रुपमा रहेको यो नगरको सवैभन्दा समस्याको रुपमा रहेको यी बर्खे नदीहरुको सही व्यवस्थापन गर्ने चुनौती सँगै यसको संभावनालाई दीर्घकालिन समाधान गर्ने ठोस योजना सहित कार्यान्वयन गर्न सकियो भन यस भेगका सबै नागरिकहरुको समृद्धि यसले दिने छ । यसको कार्यान्वयनलाई उच्च महत्व दिई आगामी दिनमा स्थानीय सरकारको भूमिका प्रदान हुने गरी कार्यान्वयन गर्न सम्वन्धित निकायहरुमा समेत समग्र नदी नियन्त्रण प्रणालीको अवस्था सहितको बिस्तृत नदी नियन्त्रण र श्रोत उपयोग कार्ययोजना पेश गरिएको छ । दुवै नदीको तटबन्ध र तटबन्ध माथी सडक, किनारामा ग्रीन बेल्ट ढलको व्यवस्था सहित यो प्रस्ताव नेपाल सरकार र दातृ नियकाहरु समक्ष पेश भई प्रारम्भीक सर्भेको काम समेत सम्पन्न भएको छ । यस कार्यका लागि नदी किनारमा बसोवास गर्ने सबै नागरिकहरुको उत्साहपूर्ण सहयोगको लागि नगरपालिका अपेक्षा राख्दछ ।

दमक नगरपालिका क्षेत्रलाई मात्र हैन पूर्वी नेपालकै मुहार फेर्ने संसारकै अग्लो बुद्धको मुर्ती यस नगरपालिकामा स्थापना गर्ने घोषणा भए पश्चात यस क्षेत्रमा पर्यटनको नयाँ संभावना देखिएको छ । नेपाल सरकारले व्यवस्थापिका संसदमा पेश गरेको नीति तथा कार्यक्रम र बजेट मार्फत समग्र देशकै योजनाको रुपमा यसलाई अंगीकार गरेको छ । बुद्धको जन्म स्थान लुम्वीनीलाई संसारमा परिचित गराउन यस क्षेत्रमा भारतको पश्चिम बंगाल, सिक्कीम, आसाम, म्यानमार, लाओस, कम्वोडिया लगायतका बुद्धीष्ट धर्मावलम्वीहरुलाई आकर्षित गर्न र लुम्वीनी लगायतका नेपालका पर्यटकीय क्षेत्र प्रवेश गर्न सजिलो हुने गरी यसलाई गेट-वे को रुपमा प्रयोग गर्न बुद्ध सर्किटमा जोडी यसको निर्माण गरिने छ । यसै सन्दर्भमा कपन गुम्बाकामा रिम्पोछे नामग्याल लामा लगायत, चीन, ताईवान, कोरीया र भारतका लगानीकर्ता यो क्षेत्रको भ्रमण समेत भैसकेको छ । पर्यटन संस्कृति तथा नागरिक उडयान मन्त्रालयवाट बिस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण सम्वन्धी कार्यको लागि बजेटको व्यवस्था भई साईट सेलेक्सन लगायतको कार्य अगाडी बडाईएको छ ।

दमक नगर गौरवका योजनाहरुको कार्यान्वयन गर्न यस क्षेत्रवाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरु, राजनैतिक दल, नागरिक समाज, राष्ट्रिय अन्तराष्ट्रिय दातृ नियकाहरु, नीजि क्षेत्र र आम नागरिकहरुको प्रत्यक्ष र सहज सहयोगको माध्यम वाट ५ बर्ष भित्र निर्माण गरी सक्ने उदघोष गर्दछु । महागुरु फाल्गुनन्द सभागृह निर्माण, सुनटोलमा सुविधा सम्पन्न सपिङ कम्प्लेक्स, दमक चौकको आकाशे पुल, मुक्तीघाट निर्माण, फोहोर व्यवस्थापनका लागि रिकभरी, रिसाईक्लीन र रिसोर्स सेन्टर निर्माण, पार्क निर्माण, फुटपाथ व्यवस्थापन हाम्रो उच्च प्राथमिकताका आयोजनाहरु रहने छन । यी आयोजनाहरुको निर्माण प्रकृयाको शुरुवात भैसकेको छ । यी आयोजनाहरु मध्ये दमक १२ र १३ जोडने सुरुङ मार्ग प्राविधिक दृष्टिले अनपयुक्त हुने देखिएकाले रतुवा नदीमा तटबन्ध सँगै सोही स्थानवाट उक्त सडक जोडिने छ ।

२१औं नगरपरिषदवाट निर्णय भई नेपाल सरकारले व्यवस्थापिका संसदको बैठकमा पेश गरी पारित भएको दमक नगरपालिकाको वडा नं. १८ र १९ मा औद्योगिक पार्क निर्माण सम्वन्धि कार्यको प्रारम्भीक काय शुरु भएको छ । चीन सरकार र दमक नगरपालिका वीच वेइजिङमा भएको दुई पक्षिय सम्झौता पश्चात उक्त क्षेत्रमा औद्योगिक पार्क सम्वन्धि प्रकृया अगाडी बढि लगानीको वातावरण बन्दै गएको छ । चीन, कोरिया, जापान र ताइवानका उद्योगपति र लगानीकर्ताहरुले यस क्षेत्रको भ्रमण गरी दुई पक्षिय सम्झौताको अन्तिम चरणमा पुगेको छ । आ.व. २०७३/०७४ सम्ममा औद्योगिक पार्कको निर्माण कार्य सार्वजनिक नीजि साझेदारी (PPP) को रुपमा नेपाल सरकारले नमुना परियोजनाको रुपमा अगाडी बढाउने छ भन्ने कुरामा हामी बिश्वस्त छौ । यस कार्यमा श्रद्धेय उद्योगपतिद्धय श्री सुरज वैद्य र श्री भाष्करराज कर्णिकार ज्यूको हामी उच्च सम्मानका साथ मुल्यांकन गर्दछौ ।

दमकलाई अन्तराष्ट्रिय स्तरसम्म चिनाउन र पर्यटन क्षेत्रको विकासमा सघाउ पुर्याउन **दमक टावर** को निर्माण कार्यको शुभारम्भ गरिने छ । यस योजनालार्य दमक गौरवको योजनाको रुपमा घोषणा गरी उक्त टावरलाई व्यापारिक, दृश्यावलोकन सहितको आकर्षण पार्कको रुपमा बिकास गरिने छ । उक्त परियोजनाको सम्भाव्यता अध्यायन र ड्रईङ डिजाईन सहितको कार्य यसै आर्थिक बर्ष भित्र शहरी विकास मन्त्रालय सँगको

साझेदारीमा गरिनेछ । सो परियोजनाको प्रारम्भीक कार्यको लागि रकम समेत बिनियोजन भैसकेकोल समयमै कार्यसम्पादन हुने अपेक्षा राख्दछु ।

दमकलाई ग्रीन सिटीको रुपमा अगाडी बढाउन नेपाल सरकारले आफनो कार्यक्रममा समेत प्राथमिकता दिएको छ । यसको रणनीतिक योजनाको निर्माण सम्वन्धि काम भैरहेको छ । यसले निर्दिष्ट गरेका क्षेत्रहरुलाई आगामी आ.व. मा प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिने छ ।

कृषिमा आधुनिकीकरण, अर्ग्यानिक कृषि प्रणाली, कौशीखेती, स्यालो टयूवेल, बायोग्यास सहितका कार्यक्रमहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गरिने छ । पोखरी निर्माणलाई प्राथमिकता दिई नीजि पोखरी निर्माण गर्दा रु.१०,०००/- दश हजार सम्म नगरपालिकाले अनुदान दिईने छ ।

२०७२ साल वैसाख ११ र सो पछिको बिनाशकारी भुकम्प पश्चात नेपाल सरकारवाट तोकिएको मापदण्डलाई प्रभावकारी रुपमा कार्यान्वयन गरीने छ ।

१ घर २ बिरुवा, ४ गमला तथा सौर्य बिद्युत जडानलाई उच्च प्राथमिकता दिई नक्सापास गर्दा सो कार्यलाई अनिवार्य बनाइने छ ।

लक्षित समुहको कार्यक्रम अन्तर्गत बिगत बर्षहरु झै यस बर्षपनि टोल/वडा स्तरवाट सहभागिता मुलक योजना तर्जुमा बिधिवाट योजना संकलन गरिएको छ । बिकेन्द्रीकरणको मर्मत अनुसार सहभागितात्मक योजना पद्धतीलाई अंगीकार गरी जसको लागि योजना हो उसैको सहभागितामा योजना छनौट गने परम्परालाई स्थापित गरिएको छ तर अझै आशातित सहभागिता भएको छैन । महिला दलित, आदिवासी, जनजाति, वालवालिका, फरक क्षमता तथा यौनिक अल्पसंख्यक लगायतका कार्यक्रममा सवैको सहभागिता सुनिश्चीत गराईएको छ । यसवाट गरिवी न्यूनीकरणमा प्रत्यक्ष प्रभाव परी राज्यले लिएको लक्ष्यमा सहयोग पुग्ने विश्वास गरिएको छ ।

दमकको चक्रपथलाई दमक गौरवको योजना अनुसार निर्मण कामलाई अगाडी बढाईएको छ । अलपत्र अवस्थामा रहेको चक्रपथको राजमार्ग उत्तर तर्फको खण्ड यस आ.व. देखि कालोपत्रको लागि निर्माण कार्य अगाडी बढेको छ भने बाँकी राजमार्ग दक्षिण तर्फ ग्राभेल र रेखाङ्कनको कार्य हुनेछ ।

मुक्तीघाट निर्माणका सम्वन्धमा दमक लगायत आसपासका क्षेत्रहरुको दाहसंस्कार गर्ने योजनालाई नागरिक सहायता कोष मार्फत दमक गौरवका योजनाको रुपमा कार्यान्वयन गरीने छ र सो को र्कािवधि निर्माण भैसकेको छ ।

दमक चिसोपानी रवि सडक दमकको भविष्यसँगै जोडिएको दीर्घकालिन महत्वको योजना हो । यसको शिघ्र निर्माणलाई उच्च प्राथमिकता दिई कार्यान्वयन गर्न सम्वन्धित निकायमा प्रस्ताव सहित प्राथमिकता प्राप्त योजना P1 मा राख्न राष्ट्रिय योजना आयोगमा पठाईएकोमा वहवर्षिय आयोजनामा सुचिकृत भई

सकेको छ । यसै बर्ष रु.२७ करोड ८६ लाख विनियोजन भई टेण्डर प्रकृया अगाडी बढेको कुरा यहाँहरु समक्ष जानकारी गराउछु ।

२०७१ साल फागुन १ गते देखि प्लाष्टिक मुक्त अभियान दमक उद्योग वाणिज्य सँगको सहकार्यमा अगाडी बढीरहेको छ । यसको कारण फोहोरमैला व्यवस्थापनमा सहजता आएको छ भने पर्यावरणमा क्रमीक सुधार रहेको छ ।

दमकलाई अन्तराष्ट्रिय संस्था तथा संचार सजाल सँग जोडन दमक क्षेत्रलाँई फ्रि वाईफाई जोन को रुपमा विकास गर्न सहयोगी निकायहरु सँग साझेदारी प्रस्ताव गरिएको छ ।

दमक नगरपालिका 100 Resilient Cities सँग आवद्ध हुने प्रकृयामा रहेको छ । यस वाट दमकको विकासमा साझेदार संस्थाहरु क्रमशः बढदै गएकोले हाम्रो शहरलाई व्यवस्थित सरसफाई र स-संस्कृत वनाउन आवश्यक छ । त्यसैले नागरीकहरुको सहभागितामा विगत दुई महिनादेखि सरसफाई अभियान नगरपालिकाले संचालन गरी रहेको छ र यसलाई निरन्तरता दिईने छ ।

आगामी आ.व. देखि क्षत्रगत रुपमा नीतिहरु र नीतिका आधारमा बजेट बिनियोजन गरी कार्यान्वयन गर्ने परम्पराको सुरुवात गरिएको छ । २२औं परिषदवाट निर्माण गरिएको नीतिहरु पुस्तकको रुपमा प्रकाशित गरी नगर सुचना केन्द्रवाट सबैलाई बितरण गरिनेछ ।

आ.व. २०७३/०७४ मा स्वीकृत बजेट

कुल बजेट रु.२६,६३,७८,६००/-

आन्तरिक श्रोतको आम्दानी रु.६,८२,४६,१००/-

बाह्य श्रोतको आम्दानी रु.१९,८१,३२,५००/-

चालु खर्च रु.१०,००,८३,४७१/-

पूँजिगत खर्च रु.१६,६२,९५,१२९/-

कुल बजेटमा प्रशासनिक खर्च अनुमान रु. ३,४१,२८,४७१/- *प्रतिशतमा १२.८१%*

कुल बजेटमा विकास खर्च अनुमान रु.२३,२२,५०,१२५/- *प्रतिशतमा ८७.१९%*

यूवराज दाहाल
प्रमुख एवं कार्यकारी अधिकृत
दमक नगरपालिका